नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- २४०

मिति :- वि.सं. २०८३/०१/०८

विषयः कर्मचारी आचारसंहिता कार्यान्वयन सम्बन्धमा ।

प्रिय सहकारीज्यू

मन्त्रालय/आयोग/सचिवालय (सबै)

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधारका एकसय कार्यसूचीहरु सम्बन्धमा यहाँलाई अवगत नै छ ।

एक सय कार्यसूची मध्ये यस मन्त्रालयसँग समेत सम्बन्धित बुँदा नं.१३ "विद्यमान भ्रष्टाचार, ढिलासुस्ती तथा सेवाग्राहीप्रति असहज व्यवहारजस्ता प्रवृत्तिहरूको सुधार गर्दै कर्मचारीतन्त्रलाई उत्तरदायी, सेवामुखी, जनमुखी र उदाहरणीय बनाउन कर्मचारी आचारसंहिताको अक्षरशः कार्यान्वयन गर्ने। साथै, कर्मचारीहरूले व्यवसायिक मर्यादा कायम राख्दै निष्पक्ष, तटस्थ र सरकारका निर्णयहरूको प्रभावकारी कार्यान्वयनमा समर्पित भई काम गर्ने वातावरण सुनिश्चित गर्ने।" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली,२०६५ र अन्य प्रचलित कानून बमोजिम स्वीकृत भएका आचारसंहिताहरु भएमा सो समेतको पूर्ण रुपमा पालना गर्ने/गराउने र नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु हुन सादर अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Chandrakala Paudel
ckpaudel31@gmail.com

(चन्द्रकला पौडेल)
सचिव

बोधार्थः

श्री राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरवार, काठमाडौं